## मिति २०८१ असार २० गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
प्रस्ताव नं. २ : ढुङ्गा गिटी बालुवाको ठेक्का सम्बन्धमा।
प्रस्ताव नं. ३ : राजस्व छुट माग सम्बन्धमा।
प्रस्ताव नं. ४ : करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं. ५ : बृहत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ६ : खर्च प्रगति सम्बन्धमा।
प्रस्ताव नं. ७ : क्रसंर उद्योगको राजस्व संकलन सम्बन्धमा।
प्रस्ताव नं. ८ : स्थानीय भू-उपयोग परिषद्को निर्णय अनुमोदन सम्बन्धमा।
प्रस्ताव नं. ९ : सडक हेरालु राख्ने सम्बन्धमा।
प्रस्ताव नं. १० : नगर प्रमुखको भ्रमण स्वीकृत गर्ने सम्बन्धमा।
प्रस्ताव नं. ११ : सम्मान कार्यक्रम सम्बन्धमा।
प्रस्ताव नं. १२ : नगरपालिकाको सेवा प्रवाह सम्बन्धमा।
प्रस्ताव नं. १३ : भेरियसन स्वीकृत गर्ने सम्बन्धमा।
प्रस्ताव नं. १४ : योजना संशोधन अनुमोदन सम्बन्धमा।
प्रस्ताव नं. १५ : योजनाहरुको म्याद थप सम्बन्धमा।

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८१/०३/०५ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरू तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : आ.व. २०८१/०८२ मा ढुङ्गा, गिटी, बालुवा, स्लेट, रोडा लगायतका नदीजन्य पदार्थहरुको बिक्री कार्य मार्फत आन्तरिक राजस्व संकलन गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको परिमाण र हाल मौज्दात रहेको परिमाण दुबै गरी जम्मा ३,२५,९५,८७०.२१ घ.फि. नदीजन्य पदार्थको प्रति घ.फि. रु. ९ का दरले (मू.अ.कर बाहेक) रु. २९,३३,६२,८३१।८९ हुने र सोको मू.अ.कर समेत गरी जम्मा रु. ३३,१५,००,०००|०० (अक्षरुपी तेत्तिस करोड पन्ध्र लाख रुपैयाँ मात्र) हुने भएको हुँदा माथि उल्लिखित मू.अ.कर सहितको अङ्क रु. ३३,१५,००,०००|०० (अक्षरुपी तेत्तिस करोड पन्ध्र लाख रुपैयाँ मात्र) मा आ.व. २०८१/८२ को लागि मिति २०८१/०२/०१ गते ३० दिनको समयावधी राखी मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक बोलपत्र सूचना प्रकाशन गरिएकोमा उक्त सूचना बमोजिम कुनै पनि बोलपत्रदाताले बोलपत्र पेश नगरेको हुँदा सोही परिमाण र अङ्कमा मिति २०८१/०२/३२ गते पुन: दोश्रो पटक राष्ट्रिय पत्रिकामा १५ दिनको समयावधी उल्लेख गरी बोलपत्र सूचना प्रकाशन गरिएकोमा मिति २०८१/०३/१६ गते बोलपत्र खोल्दा उक्त अवधि भित्र समेत कूनै पनि बोलपत्रदाताबाट बोलपत्र पेश भएको देखिएन ।

बागमती प्रदेश सरकारले आ.व. २०८१/०८२ को लागि आर्थिक विधेयक मार्फत ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिटी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेकमा) को बिक्री दरमा साविक बमोजिमको प्रति घ.फि. दर रु. ९ (नौ) बाट घटाई प्रति घ.फि. रु. ७ (सात) कायम गरेको अवस्था छ । मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १३ को उपदफा (१) मा ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तर जस्ता वस्तुहरुको बिक्री दर प्रदेश तथा संघीय कानूनले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था समेत रहेको छ ।

बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, राजस्व व्यवस्थापन शाखाको च.नं. २४०६ मिति २०८१/०३/१९ गतेको पत्रबाट आ.व. २०८१/०८२ को लागि ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिटी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेकमा) को बिक्री दर रु. ७ कायम गरी मन्त्रीस्तरबाट प्रमाणीकरण भई आएको हुँदा ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रमा गरिएको प्रारम्भिक

CamScanner

वातावरणीय परीक्षण प्रतिवेदन र हाल मौज्दात रहेको जम्मा परिमाण ३,२५,९५,८७०.२१ घ.फि. नदीजन्य पदार्थको प्रति घ.फि. रु. ७ का दरले (मू.अ.कर बाहेक) रु. २२,८१,७१,०९११४७ हुने र सोको मू.अ.कर समेत गरी जम्मा रु. २५,७८,३३,३३३।३६ (अक्षरुपी पच्चिस करोड अठहत्तर लाख तेत्तीस हजार तीन सय तेत्तीस रुपैयाँ पैसा छत्तिस मात्र) हुने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (४ ख) बमोजिम एवं नगरपालिकामा कर्मचारी अभाव र २०८१ साउन १ गते बाट ठेकेदार मार्फत राजश्व संकलन गर्नुपर्ने अवस्था समेतलाई मध्यनजर गरी छिटो माध्यमबाट सूचना प्रकाशन गर्नुपर्ने भएकोले राष्ट्रिय पत्रिकामा पुन: तेश्रो पटक ७ (सात) दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. ३ : सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि., बल्खु, काठमाडौंको मिति २०८१/०३/१६ को पत्रबाट ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची नगरपालिकाको सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा, रोडा, ग्राभेल, डस्ट, माटो बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) कार्य मार्फत आन्तरिक राजस्व संकलनका लागि मिति २०८०/०३/२८ मा गरिएको सम्झौतामा उल्लिखित परिमाण उत्खनन्/बिक्री गर्न नसकिएकोले उक्त परिमाण बराबरको राजस्व रकम छुटको लागि यस कार्यालयमा मिति २०८१/०३/१७ मा निवेदन पेश भएको छ।

मेलम्ची नगरपालिका र सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.बीच मिति २०८०/०३/२८ मा ठेक्का सम्झौता भई मिति २०८० श्रावण १ गते देखि हालसम्म ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री भई निरन्तर रुपमा राजस्व संकलनको कार्य भइरहेको छ। आन्तरिक राजस्व संकलनका लागि गरिएको ठेक्का सम्झौता बमोजिम सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.ले मेलम्ची नगरपालिकालाई बुझाउँनुपर्ने प्रथम किस्ता र दोश्रो किस्ता बापतको मू.अ.कर सहितको राजस्व रकम बुझाइसकेको र सम्झौता बमोजिम त्यस कम्पनीले २०८१ असार १५ गते भित्र मू.अ.कर बाहेक रु. १०,२६,२५,३६८।७३ (अक्षरुपी दश करोड छब्बिस लाख पच्चिस हजार तीन सय अठसठी रुपैयाँ पैसा त्रिहत्तर मात्र) र सोको मू.अ.कर रकम रु. १,३३,४१,२९७।९३ (अक्षरुपी एक करोड तेत्तिस लाख एकचालिस हजार दुई सय सन्तानब्बे रुपैयाँ पैसा त्रियानब्बे मात्र) गरी जम्मा रकम रु. ११,५९,६६,६६६।६६ (अक्षरुपी एघार करोड उनान्साठी लाख छैसठी हजार छ सय छैसठी रुपैयाँ पैसा छैसठी मात्र) बुझाउनुपर्नेमा सो रकम नबुझाई असोज १ गते देखि नदीजन्य पदार्थ उत्खनन् कार्य गर्न अनमुति नपाएको र माग गरे अनुसारको मेशिनरी औजार प्रयोग गर्ने अनुमति नपाएको व्यहोरा उल्लेख

गरी सम्झौता बमोजिमको परिमाण उत्खनन् गरी बिक्री गर्न नसकिएको भनि उत्खनन् एवं संकलन गर्न नसकिएको परिमाण बराबरको राजस्व रकम छुट माग गरी मिति २०८१/०३/१७ मा चेक नं. ००३४५०६४८५ बाट रु. ५,८५,९८,३७३।७८ र चेक नं. ००३४५०६४८६ बाट सोको मू.अ.कर रु. ७६,१७,७८८।५९ रकम यस कार्यालयमा मिति २०८१/०३/१७ मा प्राप्त भएको छ । मेलम्ची नगरपालिकाबाट ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रमा नदीजन्य पदार्थ उत्खननका लागि मिति २०८०/०६/१८ गतेको कार्यपालिका बैठकबाट निर्णय गरिएको र चालु आ.व. को असोज देखि जेष्ठ मसान्त भित्र सम्झौता पत्रमा तोकिए बमोजिमको परिमाण उत्खनन् एवं संकलन गर्ने दायित्व सम्बन्धित ठेकेदार कम्पनीकै भएको हुँदा यस कार्यालयलाई बुझाउँन बाँकी रहेको राजस्व रकम रु. ४,४०,२६,९९४।९५ (अक्षरुपी चार करोड चालिस लाख छब्बिस हजार नौ सय चौरानब्बे रुपैयाँ पैसा पन्चानब्बे मात्र) र सोको मू.अ.कर रकम रु. ५७,२३,५०९।३४ (सन्ताउन्न लाख तेइस हजार पाँच सय नौ रुपैयाँ पैसा चौंतिस मात्र) गरी जम्मा हुन आउने रकम रु. ४,९७,५०,५०४।२९ (अक्षरुपी चार करोड सन्तानब्बे लाख पचास हजार पाँच सय चार रुपैयाँ मात्र पैसा उनान्तीस मात्र) मिति २०८१/०३/२० गते भित्र मेलम्ची नगरपालिकामा बुझाउँनको लागि मेलम्ची नगरपालिकाको च.नं. ४२२७ मिति २०८१/०३/१७ गतेको पत्रबाट पत्राचार गरिसकिएको हुँदा उक्त बुझाउँन बाँकी रकम समय सिमाभित्र मेलम्ची नगरपालिकामा दाखिला गर्न अनुरोध गर्ने र सम्झौताको आ.व. २०८०/०८१ को अवधिमा कुनै पनि प्रकारको बन्द, हड्ताल, महामारी, बाढी र पहिरोले राजस्व संकलनमा कुनै असर र प्रभाव नपारेको हुँदा सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.लाई निज कम्पनीले उत्खनन्/ बिक्री गर्न नसकिएको भनिएको परिमाण बराबारको राजस्व रकम छुट प्रदान नगर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिका र अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको करार सेवा म्याद मिति २०८१ असार ३१ गतेबाट समाप्त हुने भएको र हाल करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन सन्तोषजनक भएकोले अनुसूची -१ मा उल्लिखित कर्मचारीहरुको करार सेवा म्याद मिति २०८१ पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका तथा विभिन्न वडा कार्यालयको सिफारिसमा माथिल्लो निकायहरुबाट बजेट ल्याउने प्रयोजनका लागि तयार गरिएका देहाय बमोजिमका बृहत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो ।

CamScanner

## तपसिल

| क्र.सं. | परियोजनाको विवरण | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | ईन्द्रेश्वर महादेव मन्दिर | मेलम्ची न.पा. ११ | |
| २ | ईन्द्रेश्वरी माध्यमिक विद्यालय छात्रवास निर्माण | मेलम्ची न.पा. ११ | |
| ३ | फट्केश्वर महादेव मन्दिर | मेलम्ची न.पा. १३ | |
| ४ | जाल्पा देवी मन्दिर | मेलम्ची न.पा. २ | |
| ५ | बसाहचौर पार्क निर्माण | मेलम्ची न.पा. २ | |
| ६ | सिन्धुखोला तल्लो गढी | मेलम्ची न.पा. १२ | |
| ७ | क्यौलेठाना आ.वि. छात्रवास | मेलम्ची न.पा. ९ | |

निर्णय नं. ६ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८०/०८१ को श्रावण देखि २०८१ असार १९ गतेसम्म भएका विभिन्न कोषहरु तथा विनियोजन तर्फको खर्च प्रगति सम्बन्धमा छलफल गरी हालसम्म भएको सम्पूर्ण खर्चको समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : मेलम्ची नगरपालिका क्षेत्र भित्र संचालित देहाय बमोजिमका क्रसर उद्योगहरुले मेलम्ची नगरपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम विगत आ.व. र चालु आ.व. २०८०/०८१ मा बुझाउनुपर्ने देहाय बमोजिमको क्रसर व्यवसाय कर र बहाल बिटौरी शुल्क पटक पटक ताकेता गर्दा समेत नबुझाएको हुँदा उक्त राजस्व रकम संकलन कार्यको लागि तपसिल बमोजिमको बक्यौता राजस्व असूली कार्यदल गठन गर्ने र राजस्व बुझाउनको लागि सम्बन्धित क्रसर उद्योगलाई पत्राचार गर्ने निर्णय गरियो ।

## तपसिल

(क) राजस्व असूली गर्नुपर्ने क्रसर उद्योगहरुको विवरण :

१. जुगल एण्ड गुगल क्रसर उद्योग, मेलम्ची न.पा. ११

| क्र.सं. | राजस्व शिर्षक | बक्यौता रकम रु. | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/०८० सम्मको बक्यौता रु. | आ.व. २०८०/०८१ को रु. | जम्मा राजस्व रकम रु. |
| १ | व्यवसाय कर | १४४५०००।– | ९५००००।– | २३९५०००।– |
| २ | बहाल बिटौरी शुल्क | ११००००।– | १६५०००।– | २७५०००।– |
| जम्मा | | | | २६,७०,०००।– |

२. गंगा ईन्द्रावती क्रसर उद्योग, मेलम्ची न.पा. १३

| क्र.सं. | राजस्व शिर्षक | बक्यौता रकम रु. | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/०८० सम्मको बक्यौता रु. | आ.व. २०८०/०८१ को रु. | जम्मा राजस्व रकम रु. |
| १ | व्यवसाय कर | – | ९५००००।– | ९५००००।– |
| २ | बहाल बिटौरी शुल्क | – | १५००००।– | १५००००।– |
| जम्मा | | | | ११,००,०००।– |

३. बज्र वासिङ सेन्टर प्रा.लि., मेलम्ची न.पा. १२

| क्र.सं. | राजस्व शिर्षक | बक्यौता रकम रु. | | |
|---|---|---|---|---|
| | | आ.व. २०७९/०८० सम्मको बक्यौता रु. | आ.व. २०८०/०८१ को रु. | जम्मा राजस्व रकम रु. |
| १ | व्यवसाय कर | – | ५०००००।– | ५,००,०००।– |
| २ | बहाल बिटौरी शुल्क | – | ९३१५९७।– | ९,३१,५९७।– |
| जम्मा | | | | १४,३१,५९७।– |

(ख) बक्यौता राजस्व असूली कार्यदलका सदस्यहरुको विवरण :

१. वडा नं. १३, वडा अध्यक्ष श्री श्रीराम घोसारैनी – संयोजक

२. वडा नं. १२ वडा अध्यक्ष श्री गणेश तामाङ – सदस्य

३. वडा नं. ११ वडा अध्यक्ष श्री चन्द्र बहादुर तामाङ – सदस्य

निर्णय नं. ८ : मेलम्ची नगरपालिका अन्तर्गत स्थानीय भू-उपयोग परिषद्को मिति २०८१/०३/२० गतेको बैठकबाट नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण जगाहरुको भू-उपयोग क्षेत्र वर्गिकरण नक्शा स्वीकृत गर्ने निर्णय भएकोले उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : आ.व. २०८१/०८२ को असार, श्रावण र भाद्र महिनामा मनसुनबाट सिर्जना हुने बाढी तथा पहिरोको कारण मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा रहेका मुख्य सडकहरु बिग्रिने एवं अवरोध हुने कारणबाट स्थानीय बासिन्दाहरुमा आवतजावत एवं यातायातका साधनहरु संचालनमा कठिनाई उत्पन्न हुने भएकोले वडाका मुख्य सडकहरुको मर्मत संभार र रेखदेखका लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी २०८१ असार २० गते देखि २०८१ असोज २० गतेसम्म तीन

महिनाको लागि प्रति हेरालु मासिक रु. १५,०००।– (अक्षरुपी पन्ध्र हजार रुपैयाँ मात्र) का दरले पारिश्रमिक पाउँने गरी प्रति वडा २ (दुई) जना सडक हेरालु राख्ने निर्णय गरियो।

निर्णय नं. १० : दिव्य योग मन्दिर (ट्रस) को निमन्त्रणमा मिति २०८१/०३/२४ गते देखि मिति २०८१/०४/०३ गतेसम्म भारतको उत्तराखण्ड, पतंजली योगपिठ हरिद्धारमा संचालन हुन गइरहेको योग शिक्षक प्रशिक्षण शिविरमा सहभागी हुनको लागि मेलम्ची नगरपालिकाका नगर प्रमुख श्री आइतमान तामाङलाई निमन्त्रणमा भएको हुँदा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ७ को अनुसूची-१ बमोजिमको सुविधा प्राप्त गर्ने गरी नगर प्रमुखज्यूको भ्रमण स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ११ : वि.सं. २०८० सालको एस.ई.ई. परीक्षामा सहभागी भई नगरपालिकाको समग्र नतिजामा सर्वोत्कृष्ट जि.पि.ए. प्राप्त गर्ने १ जना छात्र र १ जना छात्रालाई प्रति विद्यार्थी रु. १५,०००।– र ३.६ जि.पि.ए. वा सो भन्दा बढी जि.पि.ए. प्राप्त गर्ने नगरपालिका भित्रका विभिन्न विद्यालयका ३२ जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु. १०,०००।– का दरले बधाई एवं सम्मान स्वरुप प्रोत्साहन रकम उपलब्ध गराउनुको साथै उत्कृष्ट विद्यालयलाई सम्मान गर्ने निर्णय गरियो।

निर्णय नं. १२ : मेलम्ची नगरपालिकाबाट चालु आ.व. २०८०/०८१ मा सम्पादन गरिएका विभिन्न कार्यहरुको वडागत एवं नगरस्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएकोमा उक्त कार्यक्रममा सेवाग्राहीहरुबाट सेवा प्रवाहका विषयमा उठेका विभिन्न सवालहरुको सम्बन्धमा छलफल र समीक्षा गरियो। साथै, मेलम्ची नगरपालिका अन्तेर्गत कृषि विकास शाखाबाट संचालनमा ल्याइएको मेलम्ची नगरपालिका कृषि एप मार्फत सम्पूर्ण नगरवासीहरुलाई कृषि सेवा सम्बन्धी जानकारी उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १३ : मेलम्ची नगरपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१ मा निर्माण गरिएका देहाय बमोजिमका योजनाहरु निर्मणको क्रममा योजनाका केही आइटमहरुमा थपघट हुन गएको हुँदा प्राविधिक प्रतिवेदन बमोजिमको भेरियसन स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

१. मेलम्ची गैरी गाउँ सुनखनी लागर्चे सडक, मेनपा ९
२. सरस्वती मा.वि. मेनपा १
३. स्वास्थ्य चौकी भवन निर्माण, मेनपा १० र ७ मध्ये वडा नं. १० को स्वास्थ्य चौकी
४. खाल्डे खोला सिरानटोल कैचले सडक, मेनपा ९
५. बाहुनेपाटी माझीगाउँ डाँडाथोक बाँसवारी भञ्ज्याङ्ग सडक, मेनपा १२

CS CamScanner

६. एक घर एक धारा खानेपानी योजना, मेनपा २ र ढकालथोक खानेपानी योजना, मेनपा १२

७. शिखरपुर पिपलचौर पुरानो सहकारी सडक स्तरोन्नती, मेनपा ९ र १०

८. वडा नं. ७ वडा कार्यालय निर्माण

९. वडा नं. ४ वडा कार्यालय निर्माण

१०. जिरो किलो सोती खोला हैबुङ पाटी भञ्ज्याङ्ग सडक, मेनपा २ र ३

निर्णय नं. १४ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मेलम्ची नगरपालिका वडा नं. १३ स्थित दनुवारबस्ती सडक सोलिङ तथा कालिका चेतना डाडाटोल सिढीं निर्माण योजनाको पूर्व निर्धारित स्थानमा कार्य हुन नसकी उक्त योजनालाई संशोधन गरी अमेलडाँडामा सडक सोलिङ, मेशिनरी वाल र सडक ढलान योजनाको रुपमा कार्यान्वयन गरिएको हुँदा उक्त योजना संशोधन अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १५ : मेलम्ची नगरपालिबाट आ.व. २०८०/०८१ मा निर्माणाधिन देहाय बमोजिमका योजनाहरुको म्याद थपका लागि सम्बन्धित निर्माण फर्महरुबाट लिखित अनुरोध भई आएको हुँदा निज फर्महरुको माग बमोजिम नगरपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी बैंक ग्यारेन्टी तथा बिमाको मिति थप गराई म्याद थप गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | फर्मको विवरण | ठेक्का विवरण | म्याद थप अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | श्री गोल्मेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स, काठमाठौं | Upgrading Works of Khaldekhola Sirantole Kaichale Sadak | पहिलो म्याद समाप्त भएको मितिले ६ महिना | बर्षाको कारण सडक विग्रिएर निर्माण स्थलमा यातायात तथा ढुवानी पहुँच नभएकाले। |
| २ | श्री गेहेन्द्र लक्ष्मी/जुगल हिमशिखर जे.भि.,मेलम्ची १० | Upgrading Works of Melamchi GufaTurisam Road | पहिलो म्याद समाप्त भएको मितिले ६ महिना | बर्षाको कारण सडक विग्रिएर निर्माण स्थलमा यातायात तथा ढुवानी पहुँच नभएको तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | बर्षाको कारण पिच गर्न संभव नभएकाले। |
| ३ | श्री दो.वि.वि.निर्माण सेवा दोलखा। | Construction of Sports Coverd Hall at Melamchi-II | पहिलो म्याद समाप्त भएको मितिले ६ महिना | बर्षाको कारण सडक बिग्रिएर निर्माण स्थलमा समयमै सामाग्री उपलब्ध हुन नसकेकाले। |

CamScanner

## करार म्याद थपको निवेदन २०८१ (असार)

| क्र.सं. | नाम थर | पद | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| १ | जित बहादुर कार्की | ईन्जिनियर | अधिकृत छैठौं | मेलम्ची नगरपालिका |
| २ | अर्पना श्रेष्ठ | सूचना प्रविधी अधिकृत | अधिकृत छैठौं | मेलम्ची नगरपालिका |
| ३ | तिलक बस्नेत | ईन्जिनियर | अधिकृत छैठौं | मेलम्ची नगरपालिका |
| ४ | राजु दंगाल | ईन्जिनियर | अधिकृत छैठौं | मेलम्ची नगरपालिका |
| ५ | सुजन दुलाल | वातावरण अधिकृत | अधिकृत छैठौं | मेलम्ची नगरपालिका |
| ६ | अन्जना कार्की | ईन्जिनियर | अधिकृत छैठौं | मेलम्ची नगरपालिका |
| ७ | रन्जन श्रेष्ठ | रोजगार संयोजक | अधिकृत छैठौं | मेलम्ची नगरपालिका |
| ८ | राजेन्द्र दुलाल | ना.सु | सहायक पाचौं | मेलम्ची नगरपालिका |
| ९ | अस्मिता अर्याल | न्यायिक सहजकर्ता | सहायक पाचौं | मेलम्ची नगरपालिका |
| १० | जयराम घोरासैनि | कम्प्युटर अपरेटर | सहायक पाचौं | मेलम्ची नगरपालिका |
| ११ | अनिल सिग्देल | रोजगार सहायक | सहायक पाचौं | मेलम्ची नगरपालिका |
| १२ | सन्तोष थापा | सब.ई | सहायक पाचौं | मेलम्ची नगरपालिका |
| १३ | सुजन श्रेष्ठ | सब -ईन्जिनियर | सहायक पाचौं | मेलम्ची नगरपालिका |
| १४ | सुरेश नेपाल | अमिन | सहायक चौथो | मेलम्ची नगरपालिका |
| १५ | नितेष यादव | अमिन | सहायक चौंथो | मेलम्ची नगरपालिका |
| १६ | मानकाजी तामाङ | नगर प्रमुखको सचिवालय(सहायक चौथो) | सहायक चौंथो | मेलम्ची नगरपालिका |
| १७ | पार्वती खनाल | अ.सब.ई | सहायक चौंथो | मेलम्ची नगरपालिका |
| १८ | गणेश प्रसाद ढकाल | खा.पा.स.टे | तेस्रो तह | मेलम्ची नगरपालिका |
| १९ | अम्बिका डोटेल | गर उप-प्रमुखको सचिवालय(सहायक चौथो | सहायक चौंथो | मेलम्ची नगरपालिका |
| २० | कल्पना जिम्बा | उद्यम विकास सहजकर्ता | सहायक चौंथो | मेलम्ची नगरपालिका |
| २१ | सरिता विश्वकर्मा | उद्यम विकास सहजकर्ता | सहायक चौंथो | मेलम्ची नगरपालिका |

## करार म्याद थपको निवेदन २०८१ (असार)

| क.सं. | नाम थर | पद | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| २२ | कृतिका बस्नेत | सहायक कम्प्युटर अपरेटर | सहायक चौंथो | मेलम्ची नगरपालिका |
| २३ | सरिता डोटेल | पोषण सहजकर्ता(सहायक चौथों) | सहायक चौंथो | मेलम्ची नगरपालिका |
| २४ | अबिन सिग्देल | सहायक कम्प्युटर अपरेटर | सहायक चौंथो | मेलम्ची नगरपालिका |
| २५ | युवराज गिरी | भारी सवारी चालक | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| २६ | रामचन्द्र सापकोटा | भारी सवारी चालक | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| २७ | महेन्द्र कुमार अधिकारी | भारी सवारी चालक | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| २८ | सुवास तामाङ | हलुका सवारी चालक | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| २९ | प्रकाश खतिवडा | हलुका सवारी चालक | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| ३० | जगत बहादुर अधिकारी | हलुका सवारी चालक | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| ३१ | जज्ञ प्रसाद दुलाल | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| ३२ | शिव बहादुर थापा | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| ३३ | टिकादत्त दुलाल | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| ३४ | राजकुमार सार्की | चौकिदार | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| ३५ | बाटु दुलाल | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका |
| ३६ | सुवास नेपाल | अ.हे.व | सहायक चौंथो | मेलम्ची नगरपालिका, जनस्वास्थ्य शाखा |
| ३७ | महेश लामिछाने | कृषि स्नातक | अधिकृत छैठौं | मेलम्ची कृषि विकास शाखा |
| ३८ | आदेश राना मगर | पशु चिकित्सक | अधिकृत छैठौं | मेलम्ची पशु सेवा शाखा |
| ३९ | विनोद तामाङ पाखिन | प्राविधिक भेटेरिनरी | सहायक पाचौं | मेलम्ची पशु सेवा शाखा |
| ४० | दिपक थापा | ना.प्र.से.प्रा | सहायक चौथो | मेलम्ची पशु सेवा शाखा |
| ४१ | पविन गिरी | ना.प्र.से.प्रा | सहायक चौथो | मेलम्ची पशु सेवा शाखा |
| ४२ | सोममाई तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची पशु सेवा शाखा |

CamScanner

करार म्याद थपको निवेदन २०८१ (असार)

| क्र.सं. | नाम थर | पद | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| ४३ | शिर बहादुर दोङ | अ.सब.ई | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. १ |
| ४४ | रमेश चौलागाई | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. १ |
| ४५ | गिता चौलागाई | एम.आइ.एस.अपरेटर | सहायक पाचौं | मेलम्ची नगरपालिका, वडा नं. २ |
| ४६ | डोल कुमारी तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. २ |
| ४७ | उद्धव गुरुङ | सहायक चौथो | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. ३ |
| ४८ | रोशन तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. ३ |
| ४९ | रमा लामिछाने | कृषि जे.टी.ए | सहायक चौथो | एकीकृत सेवा केन्द्र, पिप्ले, मे.न.पा-४ |
| ५० | चेत प्रसाद घोरासैनी | ना.प.से.प्रा | सहायक चौथो | एकीकृत सेवा केन्द्र, पिप्ले, मे.न.पा-४ |
| ५१ | निर्मला कुमारी वि.क | कार्यालय सहयोगी | श्रेणिविहीन | एकीकृत सेवा केन्द्र, पिप्ले, मे.न.पा-४ |
| ५२ | रुपक राउत | अ.सब.ई | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. ४ |
| ५३ | डिल्ली प्रसाद सिग्देल | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. ४ |
| ५४ | सागर दाहाल | अ.सब.ई | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. ५ |
| ५५ | दिलिप तामांङ | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. ५ |
| ५६ | मिन बहादुर देउजा | सहायक चौथो | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. ६ |
| ५७ | सागर नेपाल | अ.सब.ई | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. ६ |
| ५८ | बाल सुन्दर थापा | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. ६ |
| ५९ | माधव दुलाल | एम.आइ.एस.अपरेटर | सहायक पाचौं | मेलम्ची नगरपालिका, वडा नं. ७ |
| ६० | दिनेश सिग्देल | अ.सब.ई | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. ७ |
| ६१ | विष्णु भारती | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. ७ |
| ६२ | गोविन्द गिरी | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. ८ |
| ६३ | सुमित्रा अधिकारी | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. १० |

CamScanner

## करार म्याद थपको निवेदन २०८१ (असार)

| क्र.सं. | नाम थर | पद | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| ६४ | मधुविलास देवकोटा | सहायकस्तर पाचौ | पाचौं | मेलम्ची नगरपालिका, वडा नं. ११ |
| ६५ | सुरजित कुमार यादव | अ.सब.ई | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. ११ |
| ६६ | आइमान तामाङ | फील्ड सहायक | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. १२ |
| ६७ | तुल कुमारी धिताल | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. १२ |
| ६८ | उमेश कुमार घोरासैनी | सहायक चौथो | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. १३ |
| ६९ | कृष्ण ढुंगाना | अ.सब.ई | सहायक चौथो | मेलम्ची नगरपालिका, वडा नं. १३ |
| ७० | अमृता चौलागाई | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची नगरपालिका, वडा नं. १३ |
| ७१ | सत्यम पाण्डे | CEONC Doctor | Ceonc | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र |
| ७२ | सिमा कोइराला | फिजियो थेरापिष्ट | सहायक पाचौं | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र |
| ७३ | शारदा ओलिया | अ.न.मी | सहायक चौथो | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र |
| ७४ | प्रतिज्ञा तामाङ | अ.हे.ब | सहायक चौथो | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र |
| ७५ | गायत्री भुजेल | ल्याब असिष्टेन्ट | सहायक चौथो | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र |
| ७६ | गौरी के.सी | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र |
| ७७ | इन्द्रिका खड्का | अ.हे.ब | सहायक चौथो | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र |
| ७८ | राम प्रसाद दुलाल | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र |
| ७९ | गोमा पण्डित | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र |
| ८० | टिका प्रसाद नेपाल | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र |
| ८१ | कमल प्रसाद धिताल | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची आयुर्वेद औषधालय |
| ८२ | कान्छी कुमारी तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | मेलम्ची आयुर्वेद औषधालय |
| ८३ | सुस्मा स्याङ्बो | अ.न.मी | सहायक चौथो | भोटेचौर शहरी स्वास्थ्य केन्द्र |
| ८४ | सुमित्रा तामाङ | अ.हे.ब | सहायक चौथो | भोटेचौर शहरी स्वास्थ्य केन्द्र |

करार म्याद थपको निवेदन २०८१ (असार)

| क्र.सं. | नाम थर | पद | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| ८५ | चण्डिका लामिछाने | कार्यालय सहयोगी | श्रेणिविहीन | भोटेचौर शहरी स्वास्थ्य केन्द्र |
| ८६ | सबिना तामाङ | अ.हे.ब | सहायक चौथो | भोटेचौर स्वास्थ्य इकाई |
| ८७ | जमुना तामाङ | अ.न.मी | सहायक चौथो | निबुगाँउ स्वास्थ्य चौकी |
| ८८ | रिता सापकोटा | अ.हे.ब | सहायक चौथो | निबुगाँउ स्वास्थ्य चौकी |
| ८९ | जुनुमाया तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | निबुगाँउ स्वास्थ्य चौकी |
| ९० | यमुना दाहाल | अ.न.मी | सहायक चौथो | हैबुङ स्वास्थ्य चौकी |
| ९१ | तिल कुमानरी दुलाल | कार्यालय सहयोगी | श्रेणिविहीन | हैबुङ स्वास्थ्य चौकी |
| ९२ | रामचन्द्र जोशी | अ.हे.ब | सहायक चौथो | थकनी स्वास्थ्य चौकी |
| ९३ | स्नेहा तामाङ | अ.न.मी | सहायक चौथो | थकनी स्वास्थ्य चौकी |
| ९४ | सुरेश बहादुर तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | थकनी स्वास्थ्य चौकी |
| ९५ | सिता चौलागाई | अ.न.मी | सहायक चौथो | एकीकृत सेवा केन्द्र |
| ९६ | अनुराधा ढुंगाना | कार्यालय सहयोगी | श्रेणिविहीन | एकीकृत सेवा केन्द्र |
| ९७ | सरिता खनाल | अ.न.मी | सहायक चौथो | सिन्धुकोट स्वास्थ्य चौकी |
| ९८ | विष्णु रायमाझी | अ.हे.ब | सहायक चौथो | सिन्धुकोट स्वास्थ्य चौकी |
| ९९ | रेनुका पण्डित | अ.हे.ब | सहायक चौथो | तालामाराङ स्वास्थ्य चौकी |
| १०० | रिता आचार्य | अ.न.मी | सहायक चौथो | तालामाराङ स्वास्थ्य चौकी |
| १०१ | अमृत तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | तालामाराङ स्वास्थ्य चौकी |
| १०२ | मिना श्रेष्ट | अ.न.मी | सहायक चौथो | दुवाचौर स्वास्थ्य चौकी |
| १०३ | आइतरानी तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | दुवाचौर स्वास्थ्य चौकी |
| १०४ | जिवन कुमार खाती | अ.हे.ब | सहायक चौथो | क्यौरानी स्वास्थ्य चौकी |
| १०५ | रन्जना गिरी | कार्यालय सहयोगी | श्रेणिविहीन | क्यौरानी स्वास्थ्य चौकी |

CamScanner

करार म्याद थपको निवेदन २०८१ (असार)

| क्र.सं. | नाम थर | पद | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| १०६ | रोशन श्रेष्ठ | अ.हे.ब | सहायक चौथो | सुनखानी शहरी स्वास्थ्य केन्द्र |
| १०७ | लोकराज पन्त | अ.हे.ब | सहायक चौथो | सुनखानी शहरी स्वास्थ्य केन्द्र |
| १०८ | फुलमाया तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | सुनखानी शहरी स्वास्थ्य केन्द्र |
| १०९ | दिपा विष्ट | अ.हे.ब | सहायक चौथो | ज्यामिरे स्वास्थ्य चौकी |
| ११० | कुशुम बोहरा | अ.न.मी | सहायक चौथो | ज्यामिरे स्वास्थ्य चौकी |
| १११ | लक्ष्मी गिरी | कार्यालय सहयोगी | श्रेणिविहीन | ज्यामिरे स्वास्थ्य चौकी |
| ११२ | रिता तामाङ | अ.हे.ब | सहायक चौथो | शिखरपुर स्वास्थ्य चौकी |
| ११३ | कमली तिवारी | कार्यालय सहयोगी | श्रेणिविहीन | शिखरपुर स्वास्थ्य चौकी |
| ११४ | सुनिता बानियाँ | अ.न.मी | सहायक चौथो | कटुञ्जे शहरी स्वास्थ्य केन्द्र |
| ११५ | प्रेम प्रसाद रिमाल | अ.हे.ब | सहायक चौथो | कटुञ्जे शहरी स्वास्थ्य केन्द्र |
| ११६ | फुलमाया तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | कटुञ्जे शहरी स्वास्थ्य केन्द्र |
| ११७ | दिपा नेपाल | अ.हे.ब | सहायक चौथो | गिरानचौर शहरी स्वास्थ्य केन्द्र |
| ११८ | सम्झना वन्जारा | अ.न.मी | सहायक चौथो | गिरानचौर शहरी स्वास्थ्य केन्द्र |
| ११९ | अनिता तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | गिरानचौर शहरी स्वास्थ्य केन्द्र |
| १२० | सुनिता तामाङ | कार्यालय सहयोगी | श्रेणिविहीन | बाँसवारी स्वास्थ्य चौकी |
| १२१ | गोमा कुमारी कार्की | अ.न.मी | सहायक चौथो | फटकशिला स्वास्थ्य चौकी |
| १२२ | बिमला घोरासैनी | कार्यालय सहयोगी | श्रेणिविहीन | फटकशिला स्वास्थ्य चौकी |

CamScanner